# वैदेशिक लगानीको २१६ मेगावाटको आयोजनाको काम तीव्र

## माथिल्लो त्रिशुली–१ जलविद्युत् आयोजनाको २२ प्रतिशत भौतिक प्रगति

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २६

प्रत्यक्ष वैदेशिक लगानीमा रसुवामा निर्माणाधीन हालसम्मकै ठूलो दुई सय १६ मेगावाटको माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनाको मंगलबार शिलान्यास गरिएको छ । आयोजनाको भौतिक प्रगति २२ प्रतिशत भइसकेपछि मात्र शिलान्यास गरिएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले काठमाडौंमा मंगलबार आयोजित विशेष समारोहका बीच आयोजनाको बाँधलगायतका संरचना (हेडवर्क्स) निर्माण कार्यको शिलान्यास गरेका हुन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शिलान्यास गर्ने कार्यक्रम भए पनि संविधानसभा अध्यक्ष एवम् पूर्वसभामुख सुवासचन्द्र नेम्वाङको निधनका कारण मन्त्रिपरिषद्को आकस्मिक बैठकलगायतका अन्य कार्यक्रममा व्यस्त भएकाले ऊर्जामन्त्री बस्नेतले शिलान्यास गरेका हुन् ।



रसुवाको आमा छोदिङमो गाउँपालिका-१ हाकुमा बाँधलगायतका संरचना र सोही जिल्लाको उत्तरगया गाउँपालिका १ मा भूमिगत विद्युत्गृहलगायतका संरचनाहरु निर्माणाधीन छन् । शिलान्यास समारोहमा मन्त्री बस्नेतले नेपालको जलविद्युत् विकासमार्फत् आर्थिकरुपमा समृद्धि हासिल गर्न यस क्षेत्रमा सरकारले स्वदेशी तथा विदेशी लगानीका लागि वातावरण बनाइरहेको उल्लेख गरे ।

मन्त्री बस्नेतले उक्त आयोजना नेपालको हिउँदको विद्युत् माग पूरा गर्न आकर्षक रहेकाले नमुना आयोजनाको रुपमा तोकिएकै समयमा सम्पन्न गर्न आवश्यक सहजीकरण गरिने उल्लेख गर्दै जलविद्युत् क्षेत्रमा लगानी बढाउन स्वदेशी तथा विदेशी लगानीकर्तालाई आग्रह गरे ।

समारोहमा आयोजनाको मुख्य लगानीकर्ता कोरिया साउथ-इस्ट पावर (कोइन)का सभापति एवम् प्रमुख कार्यकारी अधिकृत होउ चुन किमले नेपालको अपार जलस्रोतको प्रयोग गरी स्वच्छ हरित ऊर्जाको आन्तरिकरुपमा खपत बढाइ अतिरिक्त भएको ऊर्जा छिमेकी देशहरुमा निर्यात गरी आर्थिक समृद्धि हासिल गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरणमा ठूलो योगदान गर्न सकिने बताए ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, लगानी बोर्ड, विद्युत विकास विभागलगायतका उच्चपदस्थ पदाधिकारीहरु, नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क थियोङ, आयोजनामा ऋण प्रवाह गर्ने संस्थाका प्रतिनिधिहरु, निजी क्षेत्रका ऊर्जा उद्यमीलगायतको उपस्थिति थियो ।

आयोजनाको मुख्य निर्माण २०७८ पुसबाट सुरू गरिएको थियो । भूमिगत विद्युत्गृह, मुख्य सुरूङ, बाँधलगायतका सम्पूर्ण संरचनाको निर्माण सबैतिरबाट तीव्र गतिमा भइरहेको आयोजनाले जनाएको छ । आयोजनाको बाँध यो वर्षायाम सकिएपछि निर्माण सुरू गरिने पनि जनाइएको छ ।

आयोजना निर्माणमा हाल करिब एक हजार श्रमिक परिचालित छन् । त्यसमध्ये करिब पाँच सय रसुवा जिल्लाका बासिन्दा हुन् । आयोजना निर्माण अवधि पाँच वर्षमा सात सयदेखि एक हजार जना नेपाली श्रमिकले दैनिकरुपमा रोजगारी पाउने छन् । आयोजना सञ्चालन अवधि ३० वर्ष छ । सो अवधिमा ७० देखि ८० जनाले रोजगारी पाउने छन् ।

आयोजना निर्माणका लागि इन्जिनियरिङ, खरिद र निर्माण मोडलमा कोरियन कम्पनी डुसान एनबेलेटीले कार्य गरिरहेको छ । आयोजनाको प्रवर्द्धक नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनीमा कोरियन सरकारको स्वामित्वमा रहेको कोएन, विश्व बैक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमलगायतको सेयर लगानी रहेको छ । आयोजनाका लागि ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीबाट जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

कुल अनुमानित लागत ६४ करोड ७३ लाख अमेरिकी डलर (निर्माण अवधिको ब्याजसहित) रहेको आयोजनामा नौ अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले ४५ करोड ३२ लाख अमेरिकी डलर लगानी गर्ने सम्झौता गरेका छन् । बाँकी रकम स्वपुँजी (ईक्विटी)बाट जुटाइएको छ ।

आयोजनाबाट वार्षिक एक अर्ब ५३ करोड ३१ लाख युनिट ऊर्जा उत्पादन हुने छ । आयोजनाबाट उत्पादन हुने कुल वार्षिक ऊर्जामध्ये ३८ दशमलव ७५ प्रतिशत हिउँदयाममा र ६१ दशमलव २५ प्रतिशत वर्षायाममा उत्पादन हुने छ । उत्पादित ऊर्जा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको त्रिशुली-३बी हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुने छ । कम्पनी र प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता सम्पन्न भइसकेको छ ।

काठमाडौं लोडसेन्टरबाट नजिक रहेको र विद्युत्को अत्यधिक माग हुने हिउँदमा समेत एक सय चार मेगावाट विद्युत् प्राप्त हुने भएकाले मुलुकको विद्युत् प्रणालीका लागि आयोजना आकर्षक मानिएको छ । आयोजनाबाट वर्षभर एक सय चार मेगावाट स्थिर ऊर्जा प्राप्त हुने बताइएको छ । आयोजनाको निर्माण २०८३ को मंसिरभित्र सक्ने लक्ष्य राखिएको जनाइएको छ ।

# ‘शेर्पा सारथी टीटी टायर’ सार्वजनिक

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २६

नेपाली टायर उत्पादक कम्पनी ग्रिन टायर प्रालिले ट्रयाक्टर तथा ट्रलीका लागि प्रयोग हुने शेर्पा सारथी टीटी टायर नेपालमा सार्वजानिक गरेको छ । नाडा अटो सोको उद्घाटनको अवसरमा अर्थमन्त्री डा प्रकाशशरण महतले औपचारिकरुपमा टायर सार्वजनिक गरेका हुन् ।

विशेषगरी ट्रली तथा ट्रयाक्टर ट्रलीमा प्रयोग हुने ९.००-२० र १०.००-२० का टायरहरु मोटो गोटी तथा लाइन गोटीमा १८ प्लाई रेटिङमा उपलब्ध रहेको कम्पनीले जनाएको छ । उच्च गुणस्तरीय हेभी ड्युटी ती टायरमा कट रेसिस्टेन्स क्षमता भएकाले नेपाली माटो तथा बाटोका लागि उपयुक्त भएको कम्पनीका निर्देशक विकास सिंघानियाले जानकारी दिए । यी टायर तुलनात्मकरुपमा सस्तो, सुलभ र गुणस्तरीय भएकाले बजार मागको ठूलो हिस्सा ओगट्ने उनको विश्वास छ । कम्पनीले मोटरसाइकल, स्कुटर, अटो, टेम्पु तथा ट्रयाक्टरका टायरहरु यसअघि नै बजारमा बिक्री-वितरण गर्दै आइरहेको छ । हाल कम्पनीले वार्षिक एक लाख थान टायर उत्पादन गर्दै आएको र १०० जना कामदारले प्रत्यक्ष रोजगार पाएका बताइएको छ ।




# नाडा अटो सोमा निसानको गाडी खरिद गर्दा आठ लाखसम्म छुट

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २६

निसान गाडीको आधिकारिक वितरक कम्पनी पायोनियर मोटो कर्पले नाडा अटो सोमा निसानको गाडी खरिद गर्दा आठ लाख रूपैयाँसम्म छुट दिने भएको छ । कम्पनीले निसानका गाडीमा 'निसान फेस्टिभ ड्राइभ' को विशेष छुटको योजनामार्फत सो छुट दिने जनाएको छ ।




यो योजना निसानका सबै गाडीहरु निसान म्याग्नाइट, निसान किक्स, निसान नाभारा, निसान लिफ, र निसान एक्स-ट्रायलमा लागू हुने कम्पनीले जनाएको छ । पायोनियर मोटो कर्पका प्रबन्ध निर्देशक सन्दीपकुमार सारडाका अनुसार नाडा अटो सो तथा सँगै आउने चाडपर्वको अवसरमा यो विशेष छुटको योजना ल्याइएको हो । यो योजना चाडपर्वको अवधिभर लागू हुने कम्पनीले जनाएको छ ।

यस्तै, योजनाअन्तर्गत ग्राहकले 'नाडा अटो सो'मा निसान गाडी बुकिङ गर्दा विभिन्न सुविधाहरु समेत पाउने बताइएको छ । निःशुल्क गाडी व्यापक बीमा (इन्स्योरेन्स), निःशुल्क तीन वर्षको सडक कर(रोड ट्याक्स), निःशुल्क तीन वर्षको सर्भिसिङ, तीन वर्षको वारेन्टी र १३ लाखसम्म बचत हुने फाइदाबाट ग्राहकहरु लाभान्वित हुन सक्ने कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार यो योजना अवधिभर विभिन्न मोडलका गाडीहरु उत्कृष्ट मूल्यमा सहज फाइनान्सिङ र विशेष छुटका साथ खरिद गर्न सकिने कम्पनीले जनाएको छ ।

# स्वीच मोबिलिटिका र अशोक लेल्याण्डका डिजेल जेनेरेटरको वितरक आईएमई मोटर्स

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २६

नेपालमा स्वीच मोबिलिटिका विद्युतीय गाडी र अशोक लेल्याण्डका डिजेल जेनेरेटरको बिक्री वितरण गर्ने आधिकारिक प्रतिनिधिको रुपमा आईएमई मोटर्स नियुक्त भएको छ ।

अशोक लेल्याण्डको ७५औँ वार्षिकोत्सवका अवसरमा भारतको चेन्नईमा आयोजित विशेष समारोहबीच सो सम्झौतामा हस्ताक्षर भएको हो । सम्झौतामा स्वीच मोविलिटीका प्रमुख कार्यकारी अधिकृत महेशबाबु र आईएमई मोटर्सका प्रमुख कार्यकारी अधिकृत हेमन्त पुराणिकले हस्ताक्षर गरेका छन् । अशोक लेल्याण्डका अध्यक्ष धिरज हिन्दुजाले उक्त सम्झौता आईएमई मोटर्सका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई हस्तान्तरण गरेका थिए । भारतीय अटोमोटिभ कम्पनी अशोक लेल्याण्डको सब्सिडिएरी कम्पनी स्वीच मोबिलिटिले विद्युतीय सवारी साधन निर्माण तथा दिगो यातायातका साधनको विकासमा केन्द्रित रहेर वातावरणमैत्री विद्युतीय बस तथा हलुका व्यावसायिक सवारी साधनहरु उत्पादन तथा वितरण सुरू गरेको छ । यो कम्पनी सन् २०२० मा अशोक लेल्याण्डको सहायक कम्पनीको रुपमा स्थापना भएको थियो ।

अशोक लेल्याण्डको ७५औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा भारतीय यातायातमन्त्री नितिन गड्करीले स्वीच मोविलिटीद्वारा उत्पादित हलुका व्यावसायिक विद्युतीय सवारी साधनको उद्घाटन गरेका थिए । त्यसैगरी आईएमई मोटर्स अशोक लेल्याण्डका डिजेल जेनेरेटर (जेनसेट) को पनि बिक्री वितरण गर्ने आधिकारिक प्रतिनिधि बनेको छ ।


## CHAUTARA SANGCHOKGADHI MUNICIPALITY

### Office Of The Municipal Executive

### Chautara, Sindhupalchok

## Invitation for Electronic Bid for Procurement of Stationery and Office Goods

**Contract ID: CSGM/NCB/GOODS-01/2080/081**

**Date of publication: 2080/05/27 (13th Sep 2023)**

1. The Government of Nepal (GoN) has allocated funds to wards the cost Procurement of Stationery and Office Goods and intends to apply the funds to cover eligible payments under the Contract for Procurement of Stationery and Office Goods. Bidding is open to all eligible Nepalese Bidders.
2. The Chautara Sagachowkgadi Municipality, Office Of The Municipal Executive, Chautara, Sindhupalchok invites electronic bids from eligible bidders for Procurement of Stationary and Office Goods under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website **http://www.chautaramun.gov.np.** or PPMO website. **www.bolpatra.gov.np/egp.**
4. Bidding Document is available on PPMO's E-GP system www.bolpatra.gov.np/egp. Eligible Bidders are requestted to submit their bid electronically as above mentioned e-GP system including non refundable fee NRs. 3000.00 for the cost of Bidding Document in the following Rajaswa (revenue) account as specified below:

**Information to deposit the cost of bidding document in Bank:**

| | |
|---|---|
| **Name of the Bank:** | Nepal Bank Limited, Chautara Branch |
| **Name of Office:** | Chautara Sangachokgadhi Municipality |
| **Account Number (Aantarik Rajashwo Khata for bid document fee):** | 05703000001001000001 |
| **Dharauti Khata No.** | 05703000003000000001 |
| **Office Code No:** | 801032701 |

5. Pre-bid meeting shall be held at Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok at 13:00 Hrs on 02nd Oct, 2023 (Ashoj 15, 2080)
6. Electronic bids must be submitted to Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs as mention in below. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs at Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs 2,50,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| Contract Identification No. | Name of Procurement | Last Date of Bid Submission/Opening |
|---|---|---|
| CSGM/NCB/GOODS-01/2080/081 | Procurement of Stationery and Office Goods | 13th Oct, 2023 (Ashoj 26, 2080) |

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**



## बाढीपहिरोबाट जोगिऔं

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :**

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरूवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको यकिन गरौं ।

**बाढीपहिरोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार

विज्ञापन बोर्ड


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रल्हाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik.dainik@gmail.com । सम्पादक : रामप्रसाद पुडासैनी